ताादी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ३ संख्या: १ मिति: २०७६/०३/०८

**भाग-२**

**तादी गाउँपालिका**

**गाउँपालिकामा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धमा तादी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको निर्देशिका बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

# विपद् जोखिम विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७६

१. प्रस्तावना :-

विपद् जोखिमका दृष्टिकोणले नेपाल संसारकै एक संवेदनशील राष्ट्रको सूचीमा पर्दछ । एकातिर अव्यवस्थित बसाइँ सराइ, वन जंगल फडाँनी तथा अतिक्रमण, कृषिको आधुनिकीकरणका नाममा हुने गरेको रासायनिक मल र विषादिको अत्याधिक प्रयोग, जनसङ्ख्याको बढ्दो चाप, जथाभावी सडक निर्माण, अव्यवस्थित शहरीकरण, जनचेतनाको कमी आदि कारणले हुने आगलागी, महामारी, झाडापखाला, भोकमरी, सडक दुर्घटना जस्ता दैवी विपत्तिमा परी हजारौं मानिसहरूको मृत्यु हुने गरेको छ भने अर्कोतर्फ भुकम्प, चट्याङ, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोकबाट पनि उत्तिकै संख्यामा मानिसहरुको ज्यान जाने गरेको छ । विपद् जोखिमहरूबाट जिउज्यान र धनसम्पत्तिको क्षति हुनाका साथसाथै भौतिक संरचनामा समेत क्षति पुग्ने हुनाले आर्थिक, सामाजिक विकासमा समेत नोक्सानी हुन जान्छ । तसर्थ यस्ता प्रकारका विपद् जोखिमबाट जिउ धनमाथि भएको क्षति न्यूनिकरण गर्न वान्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी तादी गाउँ कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

२. संक्षिप्त नाम र प्रारम्भ :-

२.१ यस निर्देशिकाको नाम “विपद् जोखिम विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७६” रहेको छ ।

२.२ यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

३. परिभाषा :-

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “निर्देशिका” भन्नाले विपद् जोखिम विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७६ बुझ्नुपर्छ ।

(ख) “कोष” भन्नाले विपद् जोखिम विशेष कोष सञ्चालन तथा व्यवस्थापन कोष बुझ्नु पर्दछ ।

(ग) “व्यवस्थापन समिति” भन्नाले विपद् जोखिम विशेष कोष सञ्चालन तथा व्यवस्थापन समिति बुझ्नुपर्छ ।

(घ) “गाउँपालिका” भन्नाले तादी गाउँपालिकालाई बुझ्नुपर्छ ।

(ङ) “पिडित” भन्नाले विपद् प्रभावका कारणबाट पिडित भएका व्यक्ति वा समुदायलाई बुझ्नुपर्छ ।

४. कोषको स्थापना र सचिवालय :-

४.१ तादी गाउँपालिकामा विपद् जोखिम विशेष कोष नाम गरेको एक कोषको स्थापना हुनेछ र कोषको सचिवालय गाउँपालिकाकै कार्यालयमा रहने छ ।

## परिच्छेदेद-२

## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

५. कोषको अवधारणा :-

गाउँपालिका क्षेत्रभित्र हुने सबै प्रकारका विपद् जोखिमहरूलाई न्यूनीकरण गरी विपद् जोखिमको प्रभावबाट पीडित व्यक्ति, परिवार, संघ संस्थाको सङ्ख्यामा कमी ल्याउन सहयोग पुऱ्याउनु नै कोषको अवधारणा हुनेछ ।

६. लक्ष्य :-

विपद् जोखिममा परेका परिवार, संघ/संस्थाहरूलाई पुनर्स्थापनामा सहयोग पुऱ्याई प्रकोप-पीडित अवस्थाबाट गाउँपालिकालाई मुक्त गर्न सहयोग पुऱ्याउनु कोषको लक्ष्य रहेको छ ।

७. उद्देश्य :-

कोषका उद्देश्य देहायअनुसार हुनेछन् :-

७.१ विपद्बाट भएका पीडितको उद्धार तथा पुनर्स्थापनाका लागि गाउँपालिकास्थित सबै कार्यालय, संघ-संस्थाबीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने ।

७.२ विपद् जोखिमका दृष्टिकोणले जोखिमपूर्ण क्षेत्रहरूको पहिचान गरी विपद् जोखिम न्यूनिकरणका लागि चेतनामुलक कार्य गर्ने ।

७.३ विपद् जोखिमबाट हुन सक्ने क्षतिलाई न्यून गर्न सहयोग पुऱ्याउने अभिप्रायले समयसापेक्ष नीतिगत तथा संस्थागत संयन्त्रमा सुधार ल्याउने ।

७.४ पीडितको आधारभूत आवश्यकता परिपूर्तिका लागि क्षतिको मूल्यांकनका आधारमा तत्काल राहत उपलब्ध गराई सहयोग पुऱ्याउने ।

७.५ भौतिक पूर्वाधार निर्माण कार्य प्रारम्भ गर्दा वातावरणमैत्री प्रणालीमा जोड दिने ।

७.६ विपदबाट हुन सक्ने हानि- नोक्सानीका बारेमा सचेत गराउने अभिप्रायले पूर्व तयारीका लागि अवलम्बन गर्न सकिने उपायहरू तथा तयारीबारे जानकारी गराउने ।

७.७ विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा काम गर्ने गाउँपालिकाका सबै निकायहरूका बीच समन्वय कायम गर्ने ।

७.८ विपद् जोखिम व्यवस्थापन सम्बन्धी एकीकृत कार्यक्रम तर्जुमा र कार्यान्वयनका लागि पहल गर्ने ।

७.९ विपद् जोखिमबाट पीडित व्यक्तिहरूलाई तत्कालीन उद्धार सहयोगका लागि कोषको व्यवस्था गर्ने ।

७.१० विपद् जोखिम व्यवस्थापन, वातावरण मैत्री योजना निर्माण, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन सम्बन्धमा केन्द्रले तय गरेका उद्देश्यहरू पूर्तिका लागि सहयोग पुऱ्याउने ।

८. नीति :-

यस विपद् व्यवस्थापन विशेष कोषको नीतिहरु निम्न बमोजिम हुनेछन् :

८.१ पीडितका लागि उद्धार कार्यमा सहयोग पुऱ्याउने ।

८.२ पीडितलाई तत्काल राहत सहयोग उपलब्ध गराउने ।

८.३ पीडितहरूलाई तत्काल पुनर्स्थापनाका लागि सहयोग पुऱ्याउने ।

८.४ पीडितहरूलाई एकीकृत रूपमा सहयोग उपलब्ध गराउन गाउँपालिकास्थित सबै निकायहरू बीच समन्वय गर्ने ।

## परिच्छेद-३
## कोषको व्यवस्थापन तथा सञ्चालन सम्वन्धी व्यवस्था

९ कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था :-

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरूको प्राप्तिका लागि निम्नानुसारको व्यवस्थापन तथा सञ्चालन समिति गठन गरिने छ :-

(क) गाउँपालिकाका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) वडाध्यक्षहरु सबै - सदस्य

(ङ) जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि - सदस्य

(च) स्थानीय प्रहरी चौकीका इन्जार्च - सदस्य

(छ) नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि - सदस्य

(ज) प्राविधिक शाखा प्रमुख - सदस्य

(झ) गा.पा. बाट विपद् जोखिम व्यवस्थापन हेर्न तोकिएका सम्पर्क व्यक्ति - सदस्य सचिव

९.२ व्यवस्थापन तथा सञ्चालन समितिको बैठक सामान्यतया बर्षमा ३ पटक बस्नेछ । अध्यक्षको आदेशले सदस्य सचिवले समितिको बैठक बोलाउने छ । आवश्यकता महसुस भएमा व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

९.३ व्यवस्थापन तथा सञ्चालन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नु पर्नेछ ।

## १०. व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार :-

विपद् जोखिम विशेष कोष व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) विपद् जोखिम व्यवस्थापनका लागि आर्थिक स्रोत जुटाउने ।

(ख) कोषको वार्षिक योजना तर्जुमा गरी स्वीकृतीका लागि गाउँ सभामा पेश गर्ने ।

(ग) प्रकोप सम्वन्धी पूर्व सतर्कताका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(घ) विपद् जोखिमवाट पिडीत व्यक्ति/परिवार, संघ/संस्थालाई तत्काल राहत उपलब्ध गराउने ।

(ङ) प्रकोप पिडीतका लागि पुनर्स्थापनाको व्यवस्थापन गर्ने ।

(च) विपद् जोखिम न्यून गर्न सहयोग पुग्ने खालका कार्यक्रम सञ्चालन तथा व्यवस्थापन योजना तयार गर्ने ।

(छ) योजना तथा कार्यक्रम सञ्चालन गर्दा वातावरणमैत्री बनाउन समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(ज) कोषका कार्यहरूको अनुगमन गर्ने ।

(झ) कोषका कार्यहरूको प्रगति समीक्षा गर्ने ।

## ११. अध्यक्षको काम कर्तव्य र अधिकार :-

विपद् जोखिम विशेष कोष व्यवस्थापन तथा सञ्चालन समितिका अध्यक्षको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ ।

(क) बैठकको अध्यक्षता गर्ने ।

(ख) बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने ।

(ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने ।

(घ) समितिका सदस्यहरूलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने ।

(ङ) कोषको वित्तीय स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(च) कोषका निर्णयहरू सार्वजनिक गरी पारदर्शिता कायम गराउने ।

(छ) कोषका बैठक सहभागितात्मक रूपमा सञ्चालन गराउने ।

(ज) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने ।

(झ) कोषका तर्फबाट अन्य निकाय, संघ/संस्थासँग सम्झौता गर्नुपर्ने भए गर्ने, गराउने ।

(ञ) कोषको योजना तर्जुमा तथा सोको स्वीकृति गर्न गराउन आवश्यक कार्यवाही गर्ने गराउने ।

(ट) कोषका कामको अनुगमन मूल्यांकन गर्ने गराउने ।

१२. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :-

विपद् जोखिम विशेष कोष व्यवस्थापन तथा सञ्चालन समितिका सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने, अध्यक्षसँगको सल्लाहमा छलफलका विषयवस्तुहरू तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने ।

(ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरू जिम्मा लिने ।

(ग) कोषसँग सम्बन्धित सूचनाहरू, तथ्यांक तथा अभिलेख अद्यावधिक गर्ने ।

(घ) अध्यक्षले तोकेका अन्य कार्यहरू गर्ने ।

(ङ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरू गर्ने ।

(च) कोषका कार्यक्रम तर्जुमा स्वीकृति र कार्यान्वयन गराउन आवश्यक कार्यवाही गर्ने ।

(छ) कार्यक्रमहरूको अनुगमन गर्ने गराउने ।

(ज) कोषको चलअचल सम्पतिको संरक्षण गर्ने गराउने ।

१३. सदस्यको काम, कर्तव्य र अधिकार :-

विपद् जोखिम विशेष कोष व्यवस्थापन तथा सञ्चालन समितिका सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) बैठकमा उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने ।

(ख) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

(ग) तोकिएको जिम्मेवारीलाई पूरा गर्ने ।

(घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्नुपर्ने भए मतदान गर्ने ।

(ङ) अध्यक्षले तोकेका अन्य दायित्व निर्वाह गर्ने ।

(च) कोषका कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

## परिच्छेद-४

## आर्थिक तथा प्रशासनिक व्यवस्था

१४. कोषको वित्तीय व्यवस्थापन :-

१४.१. कोषको नाममा एउटा खाता रहने छ । जसमा देहायका रकमहरू रहने छन् :-

(क) गाउँपालिकाबाट विपद् जोखिम व्यवस्थापनका लागि छुट्याइने वार्षिक रकम ।

(ख) वित्तीय समानिकरण अनुदान, शशर्त अनुदान वा विशेष अनुदानबाट विपद् जोखिम व्यवस्थापनका लागि खर्च लेख्न मिल्ने रकम ।

(ग) दातृ निकाय, परियोजना, गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम ।

(घ) कोषलाई सेवा शुल्क वापत प्राप्त हुने रकम ।

(ङ) कोषलाई अन्य क्षेत्रबाट प्राप्त हुने रकम ।

१४.२. कोषको रकम गाउँपालिकाको अन्य सरकारी कारोवार हुने बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गरिने छ । कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाका प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१४.३ कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखावाट हुनेछ । आन्तरिक लेखापरीक्षण शाखा स्थापना नभएसम्म नेपाला सरकारले तोकेको निकायबाट आन्तरिक लेखापरीक्षण गर्नु पर्नेछ ।

१४.४ कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको विभागबाट हुनेछ ।

१५. कोषको आर्थिक व्यवस्था :-

कोषको आर्थिक व्यवस्था यस निर्देशिकामा तोकिएको कुरामा यसै निर्देशिका बमोजिम र अन्य कुराको हकमा सार्वजनिक खरीद निमायवली २०६३ बमोजिम हुनेछ ।

१६. अन्य क्षेत्रमा खर्च गर्न नमिल्ने :-

कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सोही प्रयोजन बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न पाइने छैन ।

१७. प्रशासनिक व्यवस्था :-

कोषको प्रशासनिक तथा आर्थिक कारोवार गाउँपालिकाकै कार्यालयका कर्मचारीहरूबाटै सञ्चालन गरिने छ ।

१८. बैठक भत्ता :-

कोषको व्यवस्थापन समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरूलाई गाउँपालिकाका सदस्यले पाए सरहको बैठक भत्ता उपलब्ध गराइने छ ।

१९. कार्यक्रम संचालन सम्बन्धी खर्चको व्यवस्था :-

१९.१ कोषबाट सञ्चालन हुने कार्यक्रमहरू कोषले आफै वा अन्य सरकारी/गैरसरकारी निकायसँग मिलेर सञ्चालन गर्न सक्नेछ ।

१९.२. कोषले आफ्नो कार्यक्रम गैर सरकारी संघ/संस्थाहरूबाट सञ्चालन गराउन सक्नेछ ।

## परिच्छेदेद-५

## विविध

२०. कोषबाट कार्यक्रम सञ्चालन गर्नुपर्ने :-

विपद् जोखिम सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दा विपद् जोखिम विशेष कोषवाट मात्र सञ्चालन गरिने छन् ।

२१. जाँचपास तथा फरफारक :-

कोषबाट सञ्चालन गरिएका कार्यक्रमको जाँचपास तथा फरफारक व्यवस्थापन समितिले गर्नेछ ।

२२. वार्षिक योजनामा समावेश गर्ने : -

कोषबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरू स्वीकृतीका गाउँ सभाको जानकारीका लागि गाउँपालिकाको वार्षिक योजनामा पेश गर्नुपर्नेछ ।

२३. निर्देशिकाको संशोधन :-

२६.१. यस निर्देशिकालाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा गाउँ पालिकाले शंशोधन गर्न सक्नेछ ।

२४. बचाउ र खारेजेजी :-

२४.१. यस निर्देशिकामा व्यवस्था भएका कुराहरूको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४, विनियोजन ऐन २०७६, आर्थिक ऐन २०७६, सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ सँग बाझिन गएमा बाझिएको हकमा बाझिए जति स्वतः खारेज भएको मानिने छ ।

२४.२. कुनै कारणबाट कोष सञ्चालन हुन नसकेमा गाउँ पालिकाले कोषलाई खारेज गर्न सक्ने छ ।

२४.३ कोष खारेज भएमा कोषमा रहेको चल-अचल सम्पति तथा दायित्व गाउँ पालिकामा स्वतः सर्नेछ ।

आज्ञाले

(अशोक विष्ट)

प्रमुख प्रशासकीय अधिकृत